बैठक संख्या- २/०७९
मिति २०७९/०२/११

निर्णय

निर्णय नं. १: आगामी आ.ब.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा जिल्ला स्थित संघ,प्रदेश र स्थानीय तहका पदाधिकारीहरुको राय सुझाव एवम् पृष्ठपोषण लिने प्रयोजनार्थ यहि मिति २०७९/०२/१३ गते माननीय मुख्यमन्त्रीज्यू/माननीय मन्त्रीज्यूहरुको समुपस्थितिमा प्रदेश नं.१ का १४ वटै जिल्ला सदरमुकाममा आयोजना गरिएको छलफल अन्तरकृया कार्यक्रमका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार गरिएको प्रस्तुतीकरणका सम्वन्धमा छलफल गरी सवै प्रदेश सचिवको प्रस्तुतीकरणमा एकरुपता कायम गर्ने गरी प्रस्तुतीकरणलाई अन्तिमरुप दिने निर्णय गरियो ।

निर्णय नं. २: यहि मिति २०७९/०२/१४,१५ र १६ गते ३ दिनसम्म गणतन्त्र दिवस भव्यताकासाथ मनाउने सन्दर्भमा देहायवमोजिम गर्ने ।

- सवै प्रदेश मन्त्रालय,आयोग,कार्यालय तथा सार्वजनिक निकायहरुले राष्ट्रिय झण्डा एवम् दिवस केन्द्रीत ब्यानर सजाई कार्यालयको सरसफाई गर्ने ।
- प्रदेशवासी आम नागरिकहरुलाई आ-आफ्नो घर टोल र महत्वपूर्ण सार्वजनिक स्थलहरुको सरसफाई गर्न र उक्त दिनहरुमा घर घरमा दिपावली गर्न आव्हान गर्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपयुक्त माध्यमबाट सूचना गर्ने ।
- जेठ १४ गते विहान ९ बजे माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा पूर्वाञ्चल अनाथालय विराटनगरमा फलफूल वितरण गर्ने र जेठ १५ गते विहान ८ बजे ब्लड वैंक विराटनगरसँग समन्वय गरी रक्तदान कार्यक्रम आयोजना गर्ने ।सो को संयोजन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

निर्णय नं. ३: प्रदेश निजामती पुरस्कार,उत्कृष्ट कार्यालय मुल्यांकन र सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधिहरुको मस्यौदाका सम्वन्धमा सवै मन्त्रालय/निकायले अनिवार्य रुपमा ७ दिनभित्र राय, सुझाव वा प्रतिकृया मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलव्ध गराउने ।

निर्णय नं. ४: आगामी आर्थिक वर्षको वार्षिक बजेट,नीति तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा राय,सुझाव एवं पृष्ठपोषण लिन अर्थविद्,प्रदेश सभाका सदस्यहरु र निजि क्षेत्रसँग छलफल, अन्तरकृया कार्यक्रम आयोजना गर्ने र सोको समग्र समन्वय एवम् व्यवस्थापन आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने ।

बैठक संख्या- २/०७९
मिति २०७९/०२/११

निर्णय नं. ५: नेपाल सरकारको निर्णयानुसार यहि जेठ १ गतेदेखि कार्यालय समय परिवर्तन भएबमोजिम सवै प्रदेश मन्त्रालय,आयोग वा कार्यालयको सेवा प्रवाह एवम् कार्य सञ्चालन सुचारु राख्ने व्यवस्था मिलाउने । सम्बन्धित मन्त्रालयहरुले मातहतका कार्यालयहरुलाई निर्देशन दिने र नियमित अनुगमन गर्ने गराउने ।

निर्णय नं.६: आगामी जेठ २४ गते विहान ९ देखि ११ बजे सम्म प्रदेश समन्वय परिषद्को वैठक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना गर्ने । साथै सोही दिन दिनको १२ वजे देखि ५ वजेसम्म विराटनगर स्थित होटल इस्टर्न स्टारमा प्रदेश सभाका माननीय सभामुखज्यू,प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय उप सभामुखज्यू, प्रदेश सभाका विभिन्न समितिका सभापतिज्यूहरु, सवै प्रदेश सचिवहरु र प्रदेश नं.१ अन्तर्गतका सवै स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्षहरु समेतको सहभागितामा संघ,प्रदेश र स्थानीय तह बीचको क्षेत्राधिकार,अन्तर सरकारी समन्वय र वित्तीय संघीयता सम्वन्धी विषयमा छलफल,अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । सो को समग्र समन्वय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकिय सुधार तथा समन्वय महाशाखाले गर्ने । छलफल,अन्तरकृयाका लागि आवश्यक प्रस्तुतीकरणको व्यवस्थाको साथै समग्र कार्यक्रम व्यवस्थापनको कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने ।